नेपाल सरकार
# शहरी विकास मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाण्डौं, नेपाल ।

## प्रेस विज्ञप्ति

मिति २०८३/०१/११ गते शहरी विकास मन्त्रालयमा काठमाडौं उपत्यका भित्रका जोखिमपूर्ण बस्तीहरू हटाउने विषयमा माननीय शहरी विकास मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकबाट देहाय बमोजिमको निर्णय भएको छ ।

<u>निर्णयहरू:</u>

१. जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट जारी भएको सूचना बमोजिम प्रचार-प्रसारका कार्यहरू गर्ने, बस्ती खाली गर्ने सन्दर्भमा माइकिङ गर्दै पूर्वसूचना दिँदै संरचनाहरू भत्काउनु पूर्व नै उक्त स्थानहरू खाली गर्ने तर्फ जोड दिने ।

२. जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट जारी भएको सूचना एवम् माइकिङ बमोजिम मिति २०८३/१/१२ र १३ गते बस्ती संरचनाहरू हटाउने, भत्काउने र खाली गर्ने कार्यका लागि आवश्यक पर्ने मेसिनरी उपकरण तथा अन्य Logistics का लागि विभिन्न कार्यालयबाट पत्राचार भए बमोजिमका निकायहरूबाट आवश्यक प्रबन्ध तत्काल गर्ने ।

३. बस्ती खाली गराउने सिलसिलामा माइकिङ गरिसकेपछि सुरक्षित आश्रयस्थलसम्म लैजाने सन्दर्भमा मानवीय मद्दत उपलब्ध गराउँदै सामानको ढुवानी, अशक्त, अपाङ्ग, बालबालिका, गर्भवती, सुत्केरी, वृद्ध-वृद्धा र दीर्घरोगीहरूलाई प्राथमिकता दिई उद्धार गरी सुरक्षित तवरबाट तोकिएको पहिलो आश्रयस्थलसम्म वा आवश्यकतानुसार अस्पतालसम्म पुऱ्याउने व्यवस्था मिलाउने । यस कार्यका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आवश्यक एम्बुलेन्स, मेडिकल टिमसमेतको व्यवस्था गर्ने । सामान ढुवानीका लागि आवश्यक पर्ने सवारी साधन र मानिसहरूलाई सुरक्षित स्थलसम्म लिएर जानका लागि आवश्यक पर्ने सवारी साधनको समेत बन्दोबस्त गृह मन्त्रालयको समन्वयमा गर्ने ।

४. बस्तीहरूबाट मानिसहरूलाई पहिलो आश्रयस्थल (Holding Area) मा ओसारपसार गरेपछि उक्त स्थलमा खाना, खाजा, पानीको व्यवस्था काठमाडौं महानगरपालिकाले गर्ने र मेडिकल टिमसहितको व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने ।

५. पहिलो आश्रयस्थलबाट तोकिएका विभिन्न स्थलहरूमा लगी अल्पकालीन रूपमा बसोबासको प्रबन्ध मिलाउने । उक्त स्थानमा आवश्यक पर्ने दैनिक उपभोग्य सामग्री र पानी लगायतका अत्यावश्यक आपूर्ति व्यवस्थाहरू मिलाउने कार्य शहरी विकास मन्त्रालयले गर्ने ।

६. यसरी व्यवस्थापन गरिएका बसोबासका क्षेत्रहरूमा प्रत्येक परिवारको Verification Camp खडा गर्ने र निजहरूलाई फोटो सहितको परिचयपत्र वितरण गर्ने। Verification हुन नसकेका व्यक्तिहरूलाई क्रमशः उक्त स्थानबाट समेत बिदा गर्दै जाने कार्य शहरी विकास मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट गर्ने ।

फोनः ०१-४२११८८३, ४२११६७३ फ्याक्स नं.: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेलः info@moud.gov.np, वेबसाइटः www.moud.gov.np

७. बस्ती खाली भइसकेपछि उक्त स्थानहरूको भत्केका संरचनाहरू हटाउने, ट्र्याक खोल्ने र अन्य आवश्यक पूर्वाधार तयारीका कार्य भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयले तत्काल सुरु गर्ने ।

८. अग्रपङ्क्तिमा रही माइकिङ गर्ने, सूचना दिने, बस्ती खाली गराउने तथा मानवीय सहायताका लागि आवश्यक पर्ने व्यक्तिहरूको पहिचान गर्ने समेतका कार्यहरू काठमाडौं महानगरपालिकाले गर्ने । यस कार्यका लागि आवश्यक सुरक्षा प्रबन्ध जिल्ला सुरक्षा समितिले मिलाउने ।

९. यी माथिका निर्णयहरू बमोजिमका कार्यहरू गर्न केन्द्रीय समन्वय समितिको रूपमा देहायबमोजिमको समिति गठन गर्ने । उक्त समितिले समन्वय, निर्देशन, आवश्यक नीतिगत निर्णय र साधन स्रोतको व्यवस्थासमेतका विषयलाई तत्काल सम्बोधन गर्ने ।

<u>देहाय</u>

| | |
|---|---|
| १. माननीय शहरी विकास मन्त्री | - संयोजक |
| २. काठमाडौं महानगरपालिका प्रमुख | - सदस्य |
| ३. गृह मन्त्रालयका सचिव | - सदस्य |
| ४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव | - सदस्य |
| ५. शहरी विकास मन्त्रालयका सचिव | - सदस्य |
| ६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव | - सदस्य |
| ७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सम्बन्धित विषय हेर्ने सचिव | - सदस्य |

१०. माथि निर्णय नं. ९ बमोजिम गठन भएको केन्द्रीय समन्वय समितिको अधीनमा रही सम्बन्धित मन्त्रालय, निकायहरूबाट आ-आफ्ना क्षेत्रगत विषयहरूलाई तत्काल कार्यान्वयनमा लैजान कार्यान्वयन समिति (Action Team) बनाई तोकिए बमोजिमका कार्यहरू गर्ने र सोको नियमित Reporting को कार्य केन्द्रीय समन्वय समितिलाई गर्ने ।

११. बस्तीहरू खाली गर्ने, सुरक्षाकर्मीहरू परिचालन एवम् आश्रयस्थलहरूमा व्यवस्थापन र पुनर्वाससमेतका कार्यहरू गर्दा प्रत्येक चरणमा Field Level मा आउनसक्ने सम्भावित समस्याहरू र आवश्यक पर्ने साधन स्रोतको माग जिल्ला प्रशासन कार्यालय, काठमाडौं मार्फत भएको खण्डमा तत्काल सम्बन्धित निकायहरूबाट उपलब्ध गराउने ।

उल्लेखित निर्णयहरू कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा सम्बन्धित मन्त्रालय र निकायहरूलाई समन्वय र सहजीकरणका लागि पत्राचार समेत गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

मितिः २०८३/०१/११

(नारायण प्रसाद मैनाली)
प्रवक्ता

फोनः ०१-४२११८८३, ४२११६७३ फ्याक्स नं.: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेलः info@moud.gov.np, वेबसाइटः www.moud.gov.np